**मिति २०८०/१०/४ गतेको नगरकार्यपालिका बैठकका प्रस्तावहरु**

१. हिउँदे सभा सम्बन्धमा ।
२. विभिन्न कार्यविधि सम्बन्धमा ।
३. चिस्यान केन्द्र जग्गा सम्बन्धमा ।
४. विविध सम्बन्धमा ।

**बैठकका निर्णयहरु**

**निर्णय नं. १**

प्रस्ताव नं. १ माथि छलफल गर्दा यस नगरपालिकाको १४ औं नगरसभाको अधिवेसन यही मिति २०८०/१०/२८ गते नगरपालिकाको हलमा आव्हान गर्ने निर्णय गरियो ।

**निर्णय नं. २**

प्रस्ताव नं. २ माथि छलफल गर्दा विधायन समिति हुदै कार्यालयबाट पेश भएको तपशिल बमोजिमको कार्यविधि स्वीकृत गर्ने निर्णय गरियो ।

**तपशिल**

(क) शितगंगा नगरपालिकाको अटो रिक्सा, इ-रिक्सा, रिक्सा व्यवस्थापन कार्यविधी, २०८०

**निर्णय नं. ३**

प्रस्ताव नं. ३ माथि छलफल गर्दा चालु आ.व.मा संघीय सर्शत अनुदान अर्न्तगतको कार्यकममा चिस्यान केन्द्र निर्माण (सानादह वडा नं ४) भनी रु ४९७५०००।- वजेट विनियोजन भई आएको अवस्था छ । उक्त चिस्यान केन्द्र (कोल्ड स्टोर) निर्माणको लागि शितगंगा नगरपालिका वडा नं. ४ निवासी टिकारामको नाती उमानन्दको छोरा श्रीराम वेल्वासेको नाममा रहेको साविक ठाडा गाविस वडा नं. ३ हाल शिनपा ४ ले साविक कि.नं. २८१ हाल को नक्सा सिट नं. ०९८/०५२८ कि.नं. २५९ को क्षेत्रफल २०३० वर्ग मिटरबाट ३६० वर्ग मिटर जग्गा आवासीय क्षेत्रमा वर्गिकरण भएको सानादह ओखल्ढुङ्गा कच्ची मोटर बाटो अर्न्तगत पर्ने जग्गा रु ३६५०००।- थैलो कायम गरी खरिद गर्ने र सो जग्गा जिल्ला मालपोत कार्यालय अर्घाखाँचीबाट रजिष्ट्रेशन पास गरी लिने साथै उक्त जग्गा यस कार्यालयको नाममा नि:शुल्क पास गरि दिन जिल्ला मालपोत कार्यालयलाई अनुरोध गर्ने निर्णय गरियो ।

**निर्णय नं. ४**

प्रस्ताव नं. ४ माथि छलफल गर्दा बैठकमा आएका प्रस्तावहरु माथि छलफल भई तपशिल बमोजिम गर्ने निर्णय गरियो ।

(क) यस नगरपालिका अर्न्तगत ठाडा प्राथमिक स्वास्थ्य केन्द्रको लागि एम्बुलेन्स नभएकोले हाल जुकेना स्वास्थ्य चौकीको एम्बुलेन्स मार्फत सेवा उपलब्ध हुदै आएकोमा उक्त प्राथमिक स्वास्थ्य केन्द्रको लागि यस नगरपालिकाले भन्सार छुटमा एम्बुलेन्स खरिद गरी हस्तान्तरण गर्ने योजना अनुसार कार्य अगाडी बढाईएको छ । यस नगरपालिका र ठाडा प्राथमिक स्वास्थ्य केन्द्रले हाल सम्म भन्सार छुटमा एम्बुलेन्स

खरिद नगरेकोले भन्सार छुटमा एम्बुलेन्स खरिदको लागि सम्बन्धित निकायमा सिफारिस गरिदिन जिल्ला तथा प्रदेश एम्बुलेन्स खरिद/व्यवस्थापन समितिलाई अनुरोध गर्ने ।

(ख) ठाडा दहमा संचालित फिरफिरे र सो वरीपरी सौन्दर्यीकरणको लागि राखिएको विजुली वत्तीको विल रु ५९,७९४।०४ को आएकोले उक्त रकम नगरपालिकाबाट नेपाल विद्युत प्राधिकरणलाई भुक्तानी दिने ।

(ग) दोबाटा ट्रष्ट बृजको उपभोक्ता समितिसँग भएको समयावधि यही मिति २०८०/१०/४ गते सम्म रहेकोमा समितिबाट २०८१ आषाढ मसान्त सम्मको म्याद थप माग भई आएकोले माग तथा कार्य समेतको आधारमा मिति २०८१ साल जेष्ठ मसान्त सम्म म्याद थप गर्ने र समितिबाट गर्ने गरी सम्झौता भई निर्माण कार्य भई रहेका अन्य योजनाहरुको समेत म्याद समाप्त भएमा आवश्यक्ता अनुसार कार्यालयबाटै म्याद थप गर्ने ।

(घ) यस नगरपालिकाको वडा नं १३ मुसियानमा रहेको आफ्नो जग्गा खेतीयोग्य बनाउन गह्रा सुधार अर्न्तगत खेत सम्माउन र खेत सम्माउदा निस्कने ढुङ्गा रोयल्टी बुझाई विकी तथा निकासीको लागि अनुमती पाउँ भनि छुट्टा छुट्टै वडाको सिफारिस, चौकिल्ला प्रमाणीत, जग्गाधनी प्रमाण पुर्जाको फोटोकपी, नागरिकताको फोटोकपी, मालपोत भुमीकर तिरेको रसिद सहित निवेदनहरु आएको सन्दर्भमा आजको बैठकमा छलफल भयो । माग भई आएका निवेदनका सन्दर्भमा निम्न अनुसारका व्यक्तिको नाममा रहेको तपशिलको कित्ता नं., क्षेत्रफलको जग्गामा मेशिन प्रयोग गरी गह्रा सुधार गर्न दिने र गह्रा सुधार गरी खेतीयोग्य जमिन बनाउदा निस्कने ढुङ्गा नियमानुसारको रोयल्टी रकम बुझाई विकी निकासी गर्न दिने ।

**तपशिल**

| सि.नं | जग्गा धनिको नाम | ठेगाना | कित्ता नं. | क्षेत्रफल |
|---|---|---|---|---|
| १ | भेक बहादुर भाट क्षेत्री | शिनपा १३ | ८, ३४, ९१ | ०२३९०, ०५२८०, १२६ |
| २ | पार्वता खासु मगर | शिनपा १३ | २९ | ०२५४४ |
| ३ | चेत बहादुर रेश्मी मगर | शिनपा १३ | ५४, ६७, ११ | ०२०००, ०२१५०, ०००५० |
| ४ | मोहन कुमार भाट क्षेत्री | शिनपा १३ | ६, ७६ | ००३५५, ०२३०० |
| ५ | तेजविर कामी | शिनपा १३ | ८४, २२ | २२४०, २२८२ |
| ६ | तारादेवि वि.सी. | शिनपा १३ | ६, ७, ८७ | २९८०,२६५, ५३० |
| ७ | खुमानन्द भुसाल | शिनपा १३ | ११, १२ | ०३२१५, ०६४०५ |
| ८ | बद्रि कुमार भाट क्षेत्री | शिनपा १३ | १११, ५३, ६८, ४३ | ००८००,०२५६०,०१४८५,०२७२५ |
| ९ | चुरा बहादुर रेश्मी मगर | शिनपा १३ | ६६, ९ | ०३८७५, ००३०० |
| १० | रुद्र प्रसाद अधिकारी | शिनपा १३ | ५१ | ०७४४५ |
| ११ | बलराम भाट क्षेत्री | शिनपा १३ | ५२, १०० | ०५५१५, ०१९०० |
| १२ | लिलाम्वर भाट क्षेत्री | शिनपा १३ | ६९ | ०१९९० |

आजको बैठक सर्वसम्मत निर्णय गर्दै सम्पन्न भयो ।